महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

सुनिलस्मृति गाउँपालिका

रोल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

सुनिलस्मृति गाउँपालिका

रोल्पा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

पत्र संख्याः २०७९।८०
च.नं. ६०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सुनिलस्मृति गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रोल्पा ।

कैफियत सहितको राय

हामीले सुनिलस्मृति गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. २ करोड ४७ लाख ५१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट ३३ हजार फछ्र्यौट भई कुल बेरुजू असुल गर्नुपर्ने रू. ६२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७३ लाख ३ हजार, नियमित गर्नुपर्ने रु ५९ लाख ४९ हजार र पेश्की रू. १४ लाख ४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ३ करोड ३१ लाख ४८ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ५ करोड ६९ लाख ६७ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

सुनिलस्मृति गाउँपालिका, रोल्पा

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
६३	१२	२४७५१	०	१	३३	६३	११	२४७१८	६२	५९४९	१७३०३	०	०	२३२५२	१४०४

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	३१	करारका कर्मचारीहरुलाई स्थानीय भत्ता दिएको असुल भएको	३३१२०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सुनिलस्मृति गाउँपालिका रोल्पा	३३१४८	०	८९९	३२२४९	०	२४७१८	५६९६७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान: सुनिलस्मृति गाउँपालिका, रोल्पा , सुनिल स्मृति गाउँपालिका , रोल्पा

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	मोतिम आलम	२०७८-११-१०	२०७८-१२-६
कार्यालय प्रमुख	गौतम भण्डारी	२०७८-७-११	२०७८-९-२३
कार्यालय प्रमुख	दिनेश पौडेल	२०७८-१२-७	हाल सम्म कार्यरत
लेखा प्रमुख	मधुसुदन गैरे	२०७८-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	२४,७१७,९७२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,४०,४३,७३३.६८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३८,७५,५५,०००	**चालु खर्च**	२९,४५,२४,८४८.२६
प्रदेश सरकारबाट अनुदान	३,७४,५४,०००	**पूँजीगत खर्च**	१७,२३,०८,९१२
राजश्व बाँडफाँट	८,८१,८६,९९९.६८	**वित्तीय/अन्य व्यवस्था**	१७,१८,०३,५२१
आन्तरिक आय	७२,६१,४७१.०३		
अन्य आय	१२,९३,३२,७६२.६१		
कुल आय	६४,९७,९०,२३३.३२	**कुल खर्च**	६३,८६,३७,२८१.२६
बाँकी मौज्दात		३,५१,९६,६८५.५५	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
१			**स्थानीय संचित कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। पालिकाबाट भएको सम्पूर्ण आर्थिक कारोबार सुत्र प्रणालीको म.ले.प.फा.नं.२७२ मा समावेश नभएको भनि पालिकाले एकिकृत आय-व्यय पेश गरेकोले सोहि अनुसार लेखापरीक्षण गरिएको छ ।सवै कारोवार म.ले.प.फा. २७२ मा राखी पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।	

सि.नं.	आय तर्फ			सि.नं.	व्यय तर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		२४०४३७३३.६८	१	**चालु खर्च**	२९४५२४८४८.२६	२९४५२४८४८.२६
	क) नगद	0	०	२	**पूँजीगत खर्च**	१७२३०८९१२.१५	१७२३०८९१२.१५
	ख) बैंक	१५१६७६९६.७७		३	वित्तीय व्यवस्था भुक्तानी	०	
	ग)धरौटी	६४२९७०४	०			०	
	घ)विभिन्न कोषको मौज्दात	२४४६३३२.९१	०			०	
२	**राजस्व (आन्तरिक आय)**		१०३९०१२४६.६५		क) ऋण भुक्तानी	०	
	क) आन्तरिक राजस्व	७२६१४७१.०३	०		ख) ब्याज भुक्तानी	०	
	ख) राजस्व बाँडफाँड	८८१८६९९९.६८	०		ग) अन्य भुक्तानी	०	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम

	ग) अन्य आय	८४५२७७५.९४	०	४	लगानी	०	
३	**वित्तीय हस्तान्तरण**		३८७५५५०००		ऋण लगानी	०	
	क) वित्तीय समानीकरण अनुदान	१०४८०००००	०		शेयर लगानी	०	
	ख) सशर्त अनुदान	२५६२५५०००	०		अन्य लगानी	०	
	ग) समपूरक अनुदान	८३०००००	०	५	**धरौटी फिर्ता**	४७८९८८५	४७८९८८५
	घ) विशेष अनुदान	१८२०००००	०	६	**कोष खर्च**	२२४८०	२२४८०
				७	**सामजिक सुरक्षा खर्च**	११२८८१२२८.३०	११२८८१२२८.३०
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		३७४५४०००	८	**मौज्दात**	०	
	क) वित्तीय समानीकरण अनुदान	४९१००००	०		क) नगद मौज्दात	०	
	ख) सशर्त अनुदान	८५४४०००	०		ख) बैंक मौज्दात		३५१९६६८५.५५
	ग) समपूरक अनुदान	१५००००००	०		चालु खर्च	0	
	घ) विशेष अनुदान	९००००००	०		पूजिगत खर्च	0	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम

	ङ) कोभिड विशेष	०	०		**विभिन्न कोषको मौज्दात**		
५	अन्तर सरकारी		०		**विपद व्यवस्थापन**	९४८१५५.४१	
६	वित्तीय व्यवस्था प्राप्ति	०	०		**वीवीध कोष खाता**	३०८९५९२	
	क) ऋण प्राप्ति	०	०		**संचित कोष**	३११५८९३८.१४	
	ख) साँवा प्राप्ति	०	०	९	**धरौटी**	५५६८५१८	५५६८५१८
	ग) ब्याज प्राप्ति	०	०	१०	**फिर्ता रकम**	४७५८६६९४	४७५८६६९४
	घ) अन्य प्राप्ति	०	०	११	सामजिकसुरक्षा फिर्ता	९५४७१६.७०	९५४७१६.७०
७	विभिन्न कोषतर्फको आय	२२१०३५७	२२१०३५७				
८	जनसहभागिता (नगद)						
९	विषयगत निकायबाट प्राप्त रकम						
क	सामजीक सुरक्षा	११३८३५९४५	११३८३५९४५				
10	धरौंटी आय	३९२८६९९	३९२८६९९				
11	लगानीको साँवा फिर्ता	०	०				
12	अन्य विविध आय	९०४९८६	९०४९८६				

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा ६७३८३३९६७ जम्मा ६७३८३३९६७	
२			**लेखापरीक्षण** लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ आन्तरीक लेखापरीक्षकको जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ ।लेखापरीक्षणको क्र.सं.मा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्टयाई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन ।उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७९।६।४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन् :	
३			**लेखापरीक्षणको क्र.सं.मा असुल** लेखापरीक्षणमा औल्याए पश्चत घटि राजस्व दाखिला रु.३०४८० ,नदिजन्य पदार्थको मू.अ.कर छुट रु.२२१०००, उपभोक्ता समितीलाई ओभरहेड भुक्तानी रु.४२७६३,उ.स.को घटि जनश्रमदान कट्टी रु.३४७०,बहाल कर रु.१०५०, पारिश्रमिक कर रु.९४५० विद्यालय छात्रवृति बढि निकासा रु.३३८००, विद्यालय पाठ्यपुस्तक बढि निकासा ४४१० समेत जम्मा रु.३४६४२३ लेखापरीक्षणको क्र.सं.मा असुल भई बैंक दाखिला भएको छ ।	
४			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुनिलस्मृती गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व,	

क.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १५६.६ वर्ग किलोमिटर क्षेत्रफल तथा २८ हजार २ सय १३ जनसंख्या रहेको छ ।	
५			**वित्तीय विवरण परीक्षण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क.सं.मा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहको पेश्की यथार्थ मान्न सक्ने अवस्था छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
६			**आन्तरिक नियन्त्रण**	
६.१			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले कार्यक्र.सं.गत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्र.सं. तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्र.सं. अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्र.सं.मा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको। • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • साना तथा ठुला सबै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्र.सं.हरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ६३ जनाको दरबन्दी रहेकोमा २४ दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेखेको पाइयो । निजामती सेवा ऐन अनुसार तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • पालिकाबाट सञ्चालित सवै कार्यक्र.सं.को नियमित अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने गरेको छैन । • भौगोलिक विकटताका कारण पालिका द्धारा सञ्चालित विकास निर्माण सम्वन्धी योजनाहरुको स्थलगत अवलोकन नगरिएकोले कार्यान्वयन भएका योजनाको वास्तविक अवस्थाको सम्वन्धमा एकिन हुन सकिएन • दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिका को नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंटतथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिका ले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६.२			बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएकोमा पालिकाले देहायको म.ले.प.फारमको प्रयोग गरेको छैन । तोकिएको फारमहरुको प्रयोग गर्नुपर्दछ । म. ले. प. फाराम ८०१ — बेरुजु लगत म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन	

<table>
<tr><th>क.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>खर्चमा मितव्यिता कायम गर्नुपर्ने — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।
<table>
<tr><th>खर्च तर्फ</th><th>बार्षिक खर्च रकम</th></tr>
<tr><td>मर्मत खर्च</td><td>1680731</td></tr>
<tr><td>ईन्धन खर्च</td><td>2018518</td></tr>
<tr><td>विविध खर्च</td><td>2069984</td></tr>
<tr><td>अनुगमन खर्च</td><td>986884</td></tr>
<tr><td>भ्रमण खर्च</td><td>2044813</td></tr>
<tr><td>बैठक भता</td><td>766700</td></tr>
</table>
• भ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो ।
• मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।
• निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।</td><td></td></tr>
</table>

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			• विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो • सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो । यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।	
६.४			भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् . • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
७			**बजेट तथा कार्यक्र.सं.**	
७.१			**अबण्डा बजेट** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्र.सं.को प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.२८ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको बिभिन्न मितिको निर्णयबाट चालुतर्फ विभिन्न शीर्षकमा र पुजीगततर्फ विभिन्न शीर्षकमा बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
७.२			**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७८।०३।१० गते रु. ५४ करोड ६९ लाख १२ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१० मा पारित गरि स्थानीय तहका प्रमुखले २०७८।०४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी छलफल गर्ने पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
७.३			**रकमान्तर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाको स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ । त्यस्तै स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन,आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिक,२०७४ को नियम ३.१ मा पूँजिगत शिर्षको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस बर्ष पालिकाले शिर्षगत रुपमा एकमुष्ठ रु.२६९२०५३४ रकमान्तर गरेको छ । यसले गर्दा कुन शिर्षकबाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालना गरी रकमान्तर गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
७.४			**बजेट तथा कार्यक्र.सं. तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्र.सं. तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्र.सं., बजेट तथा कार्यक्र.सं., कार्यक्र.सं.को प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्र.सं., योजना तथा कार्यक्र.सं.मा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्र.सं., कार्यक्र.सं.को प्राथमिकीकरण, कार्यक्र.सं.बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
७.५			**चौमासिक खर्चः** -आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्र.सं.मा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्र.सं. बमोजिम कार्य सम्पादन	

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्पन्न गरी कर्यक्र.सं. कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ४६ करोड ५५ लाख १६ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु ७ करोड अर्थात १५.०३ प्रतिशत, दोश्रो चौमासिकमा रु. ८ करोड ५४ लाख ७ हजार अर्थात १७.३० प्रतिशत र तेश्रो चौमासिकमा रु.३१ करोड ४९ लाख ७० हजार अर्थात ६७.६७ प्रतिशत र असारमा रु.१९ करोड ५८ लाख ०८ हजार अर्थात ४२.०६ प्रतिशत खर्च गरेको देखिएको छ । तेस्रो चौमासिकमा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्र.सं. अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्र.सं. कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.६</td><td></td><td></td><td>लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण तयार गर्नुपर्दछ । यस बर्ष पालिकाले सञ्चालन गरेका स्थानीय स्तरका कुल कार्यक्र.सं.मा ९२ योजनामा शुन्य प्रगती भएको विवरण पेश भएको छ । तोकिए बमोजिम प्रगति हासिल गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्र.सं./योजना</th><th rowspan="2">कुल कार्यक्र.सं.</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्र.सं. संख्या</td><td>७९६</td><td>५३</td><td>४६</td><td>२६५</td><td>४३२</td></tr>
</table></td><td></td></tr>
<tr><td>७.७</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।देहायको विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकास मा ५७.७१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा घटी १.९१ % प्रतिशत रहेको छ । यसमा सुधार गरिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>21290000</td><td>16076373</td><td>३.४४%</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१४३६३९०००</td><td>८८८५५९३२.६०</td><td>१९.०३%</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>310796000</td><td>269440838</td><td>५७.७१%</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>13034000</td><td>8839442</td><td>१.९१%</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>95410534</td><td>83621174.81</td><td>१७.९१%</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>584169534</td><td>466833760.41</td><td>१००%</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७.८</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८/७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाख देखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>४२</td><td>५८</td><td>२९</td><td>१८</td><td>०</td><td>1४६</td></tr>
</table>
विवरण अनुसार गाउँपालिकाले यस बर्ष १४६ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ४२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकिय अधिकृत, लेखा अधिकृत, लेखापाल सहित ६० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्र.सं.मा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशाकीय अधिकृत, कृषि अधिकृत, सव इन्जीनियर सहित ३८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्र.सं. सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>कर्मचारी करार— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण मार्फत विभिन्न पदमा ३४ जना कर्मचारीहरु करारमा राखि रु. ११०१९०५१ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको</td><td></td></tr>
</table>

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			२०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धि पदमा मात्र करारवाट सेवा लिन सकिने र सो बाहेक अन्य पदमा करारबाट पदपूर्ति गर्न नसकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद बाहेक पालिकामा दरबन्दी रहेको विभिन्न पदमा पदपूर्तीका लागि लुम्बिनी प्रदेश लोक सेवा आयोगमा रिक्त पदपूर्तीको माग फारम पेश गरेको छ ।	
८.३			**प्रोत्साहन भत्ता-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिकाले कानून बनाई आन्तरिक श्रोतबाट प्रोत्साहन भत्ता वापत विभिन्न ४५ जना कर्मचारीहरुलाई चैत्र देखि असार सम्म ४० प्रतिशत प्रोत्साहन भत्ता रु. १४७२९८४ भूक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	
८.४			**कल्याण कोष —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । पालिकाले कानूनको बमोजिम कोष संचालन गर्नुपर्दछ ।	
९			**सम्पत्ति उपयोग र संरक्षण**	
९.१			**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर,	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
९.२			**जिन्सी व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा जिन्सी मालसामान के कस्तो अवस्थामा छन्,कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखि वा लिई राख्ने व्यवस्था रहेको छ ।कार्यालयले आर्थिक वर्ष २०७८।०७९ मा पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्नेरमर्मत गर्नुपर्ने तथा मुल्य नखुलेको सामानहरु रहेको देखियो । यथाशिघ्र जिन्सी मालसामानहरु लिलाम गर्नुपर्ने भए सो गरी मुल्य नखुलेका मालसामानहरुको मुल्य खुलाई जिन्सी सामानहरु PAMS (Public Assets Management System) मा अध्यावधिक गरी जिन्सी सामानहरुको संरक्षण गरिनु पर्दछ ।	
१०			**शिक्षा**	
१०.१			**सामुदायीक विद्यालयको गुणस्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । पालिकाले आ. व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
१०.२			**शिक्षक दरवन्दी** – पालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयले जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि., र मा.बि. का स्थायी, अस्थायी र राहात दरवन्दी शिक्षक, विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर पालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन।	

क.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
१०.३			**विद्यालयगत निकासा खाताः** कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ ।	
११			**राजस्व व्यवस्थापन**	
११.१			राजश्व अभिलेख : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाले यसवर्ष पालिका केन्द्र र ८ वटा वडामा सफ्टवयर प्रणाली मार्फत सिफारिस र मालपोत दस्तुर वापत रु.५१२३८९४.५ राजस्व संकलन गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन ।पालिकाले राजस्व संकलन प्रणालीलाई थप व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।	
११.२			**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । केन्द्रिय अनुदानबाट खर्च: ३३०९६०९८५ ; आन्तरिक आय: ७२६१४७१ ; आन्तरिक आय प्रतिशत: २.१९ उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.१९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

Nested table in item ११.२:

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३३०९६०९८५	७२६१४७१	२.१९

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
११.३			**राजश्व दाखिलामा जरीवाना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।	
११.४			**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.९३००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.७१६१४७१.०३ अर्थात अनुमान भन्दा २३ प्रतिशत घटि आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
१२			**खर्च बिश्लेषणः** पालिकाले यस बर्षको आन्तिरक आय रु.७२६१४७१.०३ रहेकोमा गत बर्षको जिम्मेवारी रु.२४०४३७३३.६८ समेत कुल आन्तिरक आय रु.३१३०५२०४.७१ रहेकोमा राजस्व बाँडफाँड र अनुदानबाट रु.६४२५२८७६२.२९ समेत रु.६३३७१००६२.६१ आम्दानी भएकोमा चालु तर्फ रु.२९४५२४८४८.२६ र पूँजिगत तर्फ रु.१७२३०८९१२.१५ समेत रु.६३८६३७२८१.२६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.०९ प्रतिशत रहेको छ।यसबर्ष पदाधिकारी सुबिधामा रु.८०१४००० खर्च भएको छ जुन आन्तरिक आयको २५.६० प्रतिशत रहेको छ यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्र.सं. संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।	
१३			**कोभिड व्यवस्थापन**	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
१३.१			**जोखिम आंकलन र पूर्व तयारीः-** कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, आकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोजकत्वमा क्वारेन्टीन संचालक समिति, गाउँप्रमुखको संयोजकत्वमा पालिकास्तरीय क्वारेन्टीन समिति तथा नगरस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन ।	
१३.२			**आम्दानी र खर्चको विवरणः** कोभिड-१९ रोकथाम तथा नियन्त्रणको खर्च र आम्दानी व्यवस्थापनको लागि कार्यालयले कुनै कोषको स्थापना गरेको छैन् । यसकारण यसबर्ष आम्दानी र खर्चको विवरण नभएको कार्यालयको भनाई रहेको छ ।	
१३.३			**औषधी, स्वास्थ्य सामग्री एवं उपकरण खरिद-** स्थानिय तहले कोरोना रोग रोकथाम तथा नियन्त्रणको लागि विभिन्न प्रकारका रु. ३९९९९८ को औषधिहरु सोझै खरीदका माध्यमवाट खरीद गरेको विवरण पेश गरेको छ ।	
१३.४			**जोखिम भत्ता-** नेपाल सरकारद्वारा जारी भएको कोरोना भाइरस (कोभिड १९) को संक्र.सं.णको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्टयाक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ। कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मीको जोखिम भत्ता वापत रु.१००००१४ खर्च लेखेको छ ।	
१३.५			**कोभिड प्रभावित राहत कार्यक्र.सं. -** कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तानन्तरण कार्यविधि २०७८ को दफा ३ मा कोभिड को महामारी नियन्त्रणको लागि भएको बन्दाबन्दी कारण रोजगारी गुमाएका र नेपाल सकारबाट कुनै प्रकारको लाभ प्राप्त नगरेका नेपाली नागरिकहरुलाई पहिचान गरी प्रति परिवार रु दश हजारका दरले राहत रकम वितरण गर्नुपर्ने उल्लेख छ। त्यस्तै दफा ५ मा यस्तो राहत रकम हस्तान्तरणको लागि सम्बन्धित पालिकको वडा कार्यालयमा निवेदन पेश गर्ने गरी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना आह्वान गर्नुपर्ने र सो सुचनाको जानकारी सम्बन्धित स्थानीय तहको वेवसाईटमा समेत राख्नुपर्ने उल्लेख छ । उक्त सूचनाको आधारमा पालिकाले सम्बन्धित वडामा प्राप्त निवेदनको प्रकृति हेरी वडा अध्यक्षले पालिकालाई सिफारिस गर्ने र सोको आधारमा रितपूर्वको निवेदन यकिन भएका लभग्राहीको नामावली	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			सम्बन्धित पालिकाको प्रमखु प्रशासकीय अधिकृतले दावी विरोधका लागि तीन दिनको समायवधि दिई सुचना सार्वजनिक गर्नुपर्ने उल्लेख छ । यसरी सूचना जारी गर्दा सम्बन्धित स्थानीय तह र वडा कार्यालको सूचना पाटि वा वेवसाइटमा समेत राख्नुपर्ने उल्लेख छ । पालिकाले यसै वर्ष उक्त राहत रकम विभिन्न गो भौ न बाट ७२९ घरधुरी लाई प्रति परिवार १० हजारको दरले रु.७२ लाख ९० हजार वितरण गरेकोमा पेन्सन वा सामाजिक सुरक्षा अन्तर्गतको भत्ता प्राप्त गरे नगरेको आदि खुलेको निवेदन संकलन नगरेको, प्रधानमन्त्री रोजगार कार्यक्र.सं.मा संलग्न रहे नरहेको वारेमा निर्णय प्रक्रियामा उल्लेख गरेको पाईएन । यसरी कोभिड १९ महामारीबाट प्रभावित अति विपन्न परिवारलाई राहत वितरण गर्दा कार्यविधिले निर्धारण गरेका मापदण्ड पराउनुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
१३.६			**बार्षिक प्रतिवेदनः** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन। ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ।	
१४			**पेश्की व्यवस्थापन**	
१४.१			**पेश्की जमानीको म्याद समाप्त भएको**:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम (३) अनुसार निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिँदा निजबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र सम्झौता बमोजिम काम नगरेमा कार्यालयको अनुरोध पछि तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने र उपनियम (४) मा त्यस्तो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौटगर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने र खरिद संझौताको म्याद थप भएमा सो जमानतको म्याद थप गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका निर्माण कार्यमा पेश्की भुक्तानी गर्दा संलग्न पेश्की जमानीको म्याद समाप्त भइ सकेको अवस्थामा पेश्की जोखिममा रहेकाले म्याद थप गर्नुपर्ने रु. <table><tr><td>निर्माण व्यवसायीको नाम</td><td>निर्माण कार्य</td><td>पेश्की रकम</td><td>पेश्की जमानीको म्याद</td></tr></table>	१,९६७,२५७

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रिभिट निर्माण सेवा</td><td>विद्यालय निर्माण</td><td>१९६७२५७</td><td>२०७९-०३-३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९६७२५७</td><td></td></tr>
</table>
<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१४.१.१</td><td>रिभिट निर्माण सेवा</td><td>१९,६७,२५७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>कर्मचारी पेश्की –आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार देहायका कर्मचारीलाई पेश्कि दिएकोमा नियम ५२(३) अनुसार म्याद नाघेको पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><td>गो.भौ.नं.।मिति</td><td>कर्मचारीको नाम</td><td>कार्यक्र.सं.को नाम</td><td>पेश्की रकम</td></tr>
<tr><td>१०३।२०७८-११-२२</td><td>माधव महरा</td><td>पोषण संवेदनशिल कार्यक्र.सं.हरु संचालन</td><td>१०४०००</td></tr>
</table>
</td><td>१०४,०००</td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>एडभान्स पेमेन्ट जमानतको मान्य अवधिः- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम (३) अनुसार निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिंदा निजबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र सम्झौता बमोजिम काम नगरेमा कार्यालयको अनुरोध पछि तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने र उपनियम (४) मा त्यस्तो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था छ ।
तर कार्यालयले गरेका निर्माण व्यवसायीसँगको सम्झौतामा कार्यालयबाट त्यसरी प्राप्त गरेको मोविलाइजेशन पेश्की (Advance Payment) फछ्र्यौट गर्ने अवधि उल्लेख गर्ने गरेको छैन र मोविलाइजेशन पेश्की दिंदा ३ महिना देखि ६ मिहना सम्मको मान्य अवधि भएको बैंक जमानतको आधारमा दिने गरेको देखियो । अत निर्माण व्यवसायी वा सेवा प्रदायकसँग गरेको सम्झौतामा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मोविलाइजेशन पेश्की फछ्र्यौंट गर्नुपर्ने अवधि उल्लेख गरी सोही बमोजिम बैंक जमानत लिनु पर्ने देखिन्छ । सम्झौतामा पेश्की फछ्र्यौंट गर्नुपर्ने अवधि उल्लेख नगरी ३-६ महिना मान्य अवधिको जमानतको पेश्की दिने गरेको केही उदाहरण देहाय अनुसार छन् ।
<table>
<tr><th>निर्माण व्यवसायी</th><th>निर्माण कार्य</th><th>पेश्की रु</th><th>पेश्की जमानतको अवधि</th></tr>
<tr><td>रिभिट निर्माण सेवा</td><td>त्रिपुरेश्वरी मा.वि.</td><td>१९६७२५७</td><td>२०७९-०२-३१ देखि २०७९-०३-३० सम्म</td></tr>
<tr><td>शुभम निर्माण सेवा</td><td>ने.रा. मा.वि.</td><td>१५४५०००</td><td>२०७९-०९-०७</td></tr>
<tr><td>शुभम निर्माण सेवा</td><td>सुर्योदय मा.वि.</td><td>१५७८०००</td><td>२०७९-०९-०७</td></tr>
<tr><td>सुवर्णावति कम्पनी प्रा.लि.</td><td>जनता आ.वि.</td><td>१६७३०००</td><td>२०८०-०४-२९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६७६३२५७</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>मोबिलाईजेशन पेश्की -सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ अनुसार निर्माण व्यवसायी आपुर्तिकर्ता वा सेवा प्रदायकलाई दिएको पेश्की सोही नियम अनुसार फछ्र्यौंट गरिएको हुनुपर्दछ । यस आर्थिक वर्षमा निम्न निर्माण व्यवसायीको फछ्र्यौंट हुन बाँकी पेश्की रकम देहायअनुसार रहेको छ । बाँकी रहेको पेश्की रकम समयमै फछ्र्यौंट गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।
<table>
<tr><th>गो.भौ.नं.।मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>निर्माण कार्य</th><th>पेश्की रकम</th></tr>
<tr><td>१३।२०७८-०४-०१</td><td>स्वर्गद्वारी महाप्रभु जे.भी.</td><td>स्वास्थ्य चौकी भवन निर्माण आयोजना</td><td>२८९३०००</td></tr>
</table></td><td></td></tr>
</table>

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम

३४।२०७८-११-२२	पन्थ आकृती जे. भी.	प्रशासकीय भवन निर्माण	४९७००००
२७।२०७९-०३-०३	रिभिट निर्माण सेवा	नमुना विद्यालय	१९६७२५७
७९।२०७९-०३-१५	पन्थ आकृती जे. भी.	प्रशासकीय भवन निर्माण	४९७००००
१९८।२०७९-०३-१६	सुवार्णावती कन्स्ट्रक्सन प्रा.लि.	जनता आधारभूत विद्यालय कोइरालखर्क भवन निर्माण	१६७३०००
३०।२०७९-०३-१८	शुभम निर्माण सेवा	विद्यालय कक्षाकोठा निर्माण अनुदान (दुइ कोठे ४ कोठे भवन)	१८०००००
३१।२०७९-०३-१८	शुभम निर्माण सेवा	विद्यालय कक्षाकोठा निर्माण अनुदान (दुइ कोठे ४ कोठे भवन)	१५७८०००
३२।२०७९-०३-१८	शुभम निर्माण सेवा	विद्यालय कक्षाकोठा निर्माण अनुदान (दुइ कोठे ४ कोठे भवन)	१५०७०००
३३।२०७९-०३-१८	शुभम निर्माण सेवा	विद्यालय कक्षाकोठा निर्माण अनुदान (दुइ कोठे ४ कोठे भवन)	१५४५०००
८१।२०७९-०३-१८	शुभम निर्माण सेवा	ने.रा.मा.वि. अरेश भवन निर्माण	७०४०००

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम

		जम्मा	२३६०७२५७

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
१४.५			**सिमाभन्दा बढि पेश्की —** सार्वजनिक खरिद ऐनको दफा ५२(क) मा भएको व्यवस्था अनुसार खरिद सम्झौता पश्चात सम्झौता रकमको २० प्रतिशत मा नबढ्ने गरी पेश्की दिन सकिने र पहिलो पटकमा स्विकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाकि रकम कार्य प्रगतीका आधारमा दिन सकिने उल्लेख छ ।पालिकाले देहायको मोवीलाईजेशन पेश्की उपलब्ध गराएकोमा सो को कार्यप्रगतीको पर्याप्त विश्लेषण बेगर नियममा व्यवस्था भएको भन्दा बढि पेश्की उपलब्ध गराएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	

गो.भौ.नं.।मिति	निर्माण व्यवसायीको नाम	निर्माण कार्य	सम्झौता रकम	पेश्की रकम
३२।२०७९-०३-१८	शुभम निर्माण सेवा	चन्द्र प्रा.वि. विझाङ्ग ४ कोठे भवन	७५३५०००	१५०७०००
३३।२०७९-०३-१८	शुभम निर्माण सेवा	ने.रा.आ.वि. ४ कोठे भवन	७७२५०००	१५४५०००
३१।२०७९-०३-१८	शुभम निर्माण सेवा	सुर्योदय आ.वि.४ कोठे भवन	७८९००००	१५७८०००
३०।२०७९-०३-१८ ८१।२०७९-०३-१८	शुभम निर्माण सेवा	ने.रा.मा.वि.अरेस	१२५२००००	२५०४०००

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९८।२०७९-०३-१६</td><td>सुवर्णावती कम्पनी प्रा.लि.</td><td>जनता आ.वि.</td><td>८३६५०००</td><td>१६७३०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४४०३५०००</td><td>८८०७०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>धरौटी तर्फ
धरौटी फिर्ता — सार्वजनिक खरिद(एघारौ) संशोधन नियमावलि,२०७८ को मूल नियमावलिको नियम १२४ मा भएको संशोधन व्यवस्था बमोजिम निर्माण कार्यको कम्तिमा ८० प्रतिशत काम सम्पन्न गरेको, सम्झौता बमोजिमको कार्य सन्तोषजनक रुपमा भई चालु अवस्थामा रहेको र निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको खरिद सम्झौताको हकमा नियम १२३ बमोजिम राखिएको रिटेन्सन मनी बापत बैंक जमानत पेश गरी रिटेन्सन मनी फिर्ताको माग गरेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सकिने छ । यसरी रिटेन्स मनी फिर्ताको लागि पेश गरिने बैंक जमानतको म्याद त्रुटि सच्याउने अवधिभन्दा कम्तीमा एक महिना बढि अवधिको हुने व्यवस्था छ । पालिकाले गो.भौ.नं. ६।२०७८-०७-२६ बाट ए.पि.एम. कन्स्ट्रक्सनको धरौटि रकम रु.१७३४५७५ फिर्ता गर्दा पेश गरेको बैकं जमानतको मान्य अवधि त्रुटि सच्याउने अवधिभन्दा कम्तीमा एक महिना बढि मिति २०८०-०१-०४ सम्म हुनुपर्नेमा २०७९-०७-३० सम्म मात्र भएकाले रिटेन्सन मनी बापत बैंक जमानतको म्याद थप गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत खरिद</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर लागत अनुमान रु.१३७६९९७१.८७ भएको चिसापानी लेख लिफ्ट खानेपानी योजनामा पालिकाको स्रोतबाट रु.९१००००० र जश्रमदानबाट रु.९७५३९१ बेहोर्ने गरी उपभोक्ता समिति गठन गरि कार्य सम्पन्न पश्चात रु. ८९९३५८५ खर्च लेखेको छ । । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>सव कन्ट्याक्टरबाट काम गराएको : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा देहायका उपभोक्ता समितिले बाटो निर्माणको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट प्रत्यक्ष रुपमा काम गराएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं.।मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>काम</th><th>निर्माण व्यवसायी</th><th>बिजक नं.।मिति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२।२०७९-०३-०३</td><td>फुलधारा देखि गुरासेधारा हुदै तेवाग जोड्ने बाटो र गयाबिन नि.उ.स.</td><td>बाटो निर्माण</td><td>त्रिपुरेश्वरी निर्माण सेवा प्रा.लि.</td><td>२४।२०७९-०२-१०</td><td>६२२४३०</td></tr>
<tr><td>२२८।२०७९-०३-२२</td><td>लाकुरी पोखरा सिमखोला मोटरबाटो मर्मत योजना उ.स.</td><td>बाटो निर्माण</td><td>ती.ई.भू. निर्माण सेवा</td><td>विजक नं. उल्लेख नभएको।२०७९-०३-०५</td><td>७३२७४</td></tr>
<tr><td>२४०।२०७९-०३-२४</td><td>सुलिचोर तेवाङ मोटरबाटो तथा Right of way pillar नि.उ.स.</td><td>बाटो निर्माण</td><td>त्रिपुरेश्वरी निर्माण सेवा प्रा.लि.</td><td>३८।२०७९-०३-२१</td><td>४२८६१०</td></tr>
</table></td><td>२,२४६,१२९</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३३।२०७९-०३-२३</td><td>भूमेस्थान खन्नेचौर वाइवाङ मो.बाटो स्तर उन्नती उ.स.</td><td>बाटो निर्माण</td><td>डि.डि.निर्माण सेवा</td><td>२३।२०७९-०२-२८</td><td>७३८३१५</td></tr>
<tr><td>३७।२०७९-०१-०६</td><td>लभरे हुकले खरीखोला मोटरबाटो उ.स.</td><td>बाटो निर्माण</td><td>अन्जली एण्ड लिस्ने कं. प्रा.लि.</td><td>६।२०७९-०१-०४</td><td>३८३५००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२२४६१२९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.३</td><td></td><td></td><td>
जटिलसंरचना निर्माण — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक,खानेपानी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२२५।२०७९-०३-२१</td><td>सामुदायिक स्वास्थ्य इकाई स्थापना उ.स.</td><td>भवन निर्माण</td><td>९२४५९३</td></tr>
<tr><td>२२६।२०७९-०३-२१</td><td>बृहत राज्य पोखरी निर्माण योजना उ.स.</td><td>पोखरी निर्माण</td><td>१३३१७१०</td></tr>
<tr><td>९५।२०७९-०३-२२</td><td>गंगा प्रा.वि.अधुरो भवन नि.उ.स.</td><td>भवन निर्माण</td><td>९०९०००</td></tr>
<tr><td>७७।२०७९-०३-१४</td><td>उदय प्रा.वि. रिझाको तल्ला थप उ.स.</td><td>भवन निर्माण</td><td>७५३०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०५।२०७९-०३-१४</td><td>लामाचौर हरिगाउँ खा.पा.उ.स.</td><td>खानेपानी</td><td>७५६०००</td></tr>
<tr><td>६६।२०७९-०३-०२</td><td>एक वडा एक खेल मैदान उ.स.</td><td>खेल मैदान</td><td>७६६५००</td></tr>
<tr><td>७१।२०७९-०३-०७</td><td>घोडाकोट खानेपानी योजना उ.स.</td><td>खानेपानी</td><td>११२८०००</td></tr>
<tr><td>७६।२०७९-०३-१२</td><td>ने.रा.मा.वि. तेवाङको अधुरो विद्यालय भवन नि. उ.स.</td><td>भवन</td><td>१३०६८६६</td></tr>
<tr><td>२३८।२०७९-०३-२४</td><td>एक घर एक धारा खा.पा.नि.यो.उ.स.</td><td>खानेपानी</td><td>१४२०६४०</td></tr>
<tr><td>२५।२०७९-०३-२३</td><td>सुलिचौरमा एक घर एक धारा उ.स.</td><td>खानेपानी</td><td>२८६१२२७</td></tr>
<tr><td>२२।२०७९-०३-२२</td><td>आ.वि.कालिगाउ फिल्ड नि.उ.स.</td><td>फिल्ड निर्माण</td><td>१८३५०००</td></tr>
<tr><td>२३६।२०७९-०३-२३</td><td>गुल्ढुङ्ग खा.पा.मर्मत उ.स.</td><td>खानेपानी</td><td>९५०३५०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१४९४२८८६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>परामर्श सेवा -
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० उपनियम(१) मा २० लाख रुपैया भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐन को दफा ३० बमोजिम सुचना प्रकाशन गरी आयशपत्र माग गर्नु पर्ने छ भन्ने व्यवस्था छ । कार्यालयले यस</td><td>२,८३८,८४२</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
आ.व.मा टुक्रा-टुक्रा पारी २० लाख भन्दा माथिको परामर्श सेवा खरिद वापत विभिन्न फर्महरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी रु. २८३८८४२ को सेवा लिएको पाईयो।
<table>
<tr><th>क्र.स.</th><th>गो.भौ.नं. र मिति</th><th>कार्यक्र.सं.को नाम</th><th>फर्म</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>१७२-०७८/०६/२४</td><td>ने. रा. आ. वि DPR</td><td>लिफ्ट कन्सल्टेण्ट एण्ड कन्सल्टेन्सीप्रा. लि.</td><td>४६९२३२</td></tr>
<tr><td>२.</td><td>१७४-०७९/०३/०९</td><td>ने. रा. आ. वि विद्यलय भवन निर्माण माटो परीक्षण</td><td>खैरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.</td><td>४३९५७०</td></tr>
<tr><td>३.</td><td>१३-०७८/०७/०८</td><td>जनज्योती मा वि गुजलको विद्यालय भवन निर्माण माटो परीक्षण</td><td>Attractive Engineering consultancy pvt Ltd</td><td>४९१५५०</td></tr>
<tr><td>४.</td><td>१४-०७८/०७/०८</td><td>जनज्योती मा वि गुजलको विद्यालय भवन निर्माण DPR</td><td>P.R. कन्सल्टेन्ट एएड न्सल्टेन्सी</td><td>४८२५१०</td></tr>
<tr><td>५.</td><td>१५-०७८/०७/०८</td><td>त्रिपुरेश्वरि मा वि माटो परीक्षण</td><td>R.L Engineeting Pvt Ltd</td><td>४८५९००</td></tr>
<tr><td>६.</td><td>२४-०७८/०९/२२</td><td>हेल्थपोष्ट काभ्रा माटोपरीक्षण</td><td>जलजला Engineeting कन्सल्टेन्ट</td><td>४७००८०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२८३८८४२</td></tr>
</table>
डि.पि.आर. निर्माण गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका कतिपय आयोजनाहरू
</td><td></td></tr>
</table>

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई खर्च गरेको रकम रु.	
१८			**एम्बुलेन्स खरिद पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को ५ अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवस्यक प्रमाण सहित खर्च लेख्नु पर्ने, ब्यवस्था छ । गाउँपालिकाले खुंग्री स्वास्थ्य चौकीको लागि आवश्यक भनि एक थान एम्बुलेन्स खरिदका लगि अग्नी इन्कर्पोरेट प्रा.लि लाई २०७९।०३।१२ मा सम्झौता गरी रु १३००००० पेश्की उपलब्ध गराएकोमा सम्झौतामा उक्त एम्बुलेन्स आपुर्ति हेन समय उल्लेख नभएको र लेखापरीक्षण अवधिसम्म आपुर्ति भएको नदेखिएको र बैकं जमानत समेत पेश नभएकोले यथासिघ्र आपुर्ति गराई पेश्की फछ्र्यौट हुनुपर्ने रकम रु	१,३००,०००
१९			**अधुरो ठेक्का -** सार्वजनिक खरिद ऐन,२०६३ को ५६(२) मा कावु वाहिरको परिस्थिति,सार्वजनिक निकायले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद संझौताको अवधि नवढाई नहुने अवस्था बाहेक सम्झौतामा तोकेबमोजिम नै निर्माण कार्य सम्पन्न हुनुपर्ने व्यवस्था छ ।साविका जिल्ला प्राविधिक कार्यालय, रोल्पाबाट गजुल गा. वि. स. को भवन निर्माणका लागी रु १९३०५४८।०६ मा निर्माण व्यवासी श्री खड्का निर्माण सेवा सँग २०७०।०४।२९ मा सम्झौता भई कार्य सम्पन्न गर्नुपर्ने म्याद ०७१।३।१० रहेकोमा तेस्रोपटक सम्म म्याद थप भई अन्तिम म्याद ०७३ चैत्र मसान्तसम्म रहेकोमा उक्त अवधि सम्म ७० प्रतिशत भौतिक प्रगति र रु १५९२००० भुक्तानी भएको उल्लेख छ । जिल्ला समन्वय समितिको कार्यालय रोल्पाबाट २०७४।१२।०६ को निर्णय अनुसार गाउँपालिकामा उक्त योजना हस्तान्तरण भएकोमा हस्तान्तरण पश्चात कार्य सुचारु भएको देखिदैन । गाउँपालिकाले सम्बन्धित निर्माण व्यवसायीको खोजी गरी आफूलाई हस्तान्तरण भईआएको योजना कानुन बमोजिम सम्पन्न गर्न गराउन ध्यान दिनुपर्दछ ।	
२०			**मर्मत सम्भार कोष -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यससम्बन्धी स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने व्यवस्था छ	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			।गाउँपालिकाको वडा नं ४ धनचौरमा रहेको पहिरोमा रहेको ढुंगा फोड्ने कार्यका लगि अञ्जली एण्ड लिस्के क. प्रा. लि. सँग कार्यघण्टाको आधारमा कार्य गराउने भनि ब्रेकर प्रतिघण्टा रु ३०५१ (म.अ. कर समेत) का घण्टाको रु १५ लाख रुपैया भुक्तानी भएको छ । सो क्षेत्रमा यातायात प्रभावित भई आवतजावतमा समस्या भएको कारण जनाई प्रतिस्पर्धा वेगर नै कार्य गराएकोमा सोको अनुमोदन कार्यपालिका र गाउँसभा दुवैबाट भएतापनि सोको लागत अनुमान नापजाँच र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको नदेखिएको र सम्झौता अनुसार विलको आधारमा भुक्तानी भएको छ । आकस्मिक प्रकृतिका यस्ता कार्य गराउँदा कामको लागत अनुमान, नाँपजाँच र कार्यसम्पन्न प्रतिवेदन तयार गरी नियमानुसार गर्न गराउन गाउँपालिकाले ध्यान दिनुपर्दछ ।	
२१			**शिक्षा तर्फ**	
२१.१			**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता —** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका विभिन्न विद्यालयका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.५३२०९५० तलब भत्ता भुक्तानी गरेको पाईयो।आवश्यकता अनुसार शिक्षक दरबन्दी स्वीकृत गरी दरबन्दी बाहीर शिक्षक राखि खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।	
२१.२			**छात्रवृत्ति वितरण :** विद्यालयहरूको वार्षिक कार्यक्र.सं. अनुसार आधारभुत तह र माध्यमिक तहका छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति कार्यक्र.सं. अन्तर्गत पालिकाले ४२ वटा विद्यालयहरूलाई रु.१६१५६०० निकासा गरेको छ । कार्यालयले छात्रवृत्ति रकम लाभान्वित विद्यार्थीहरूलाई वितरण गरे नगरेको तथा उक्त छात्रवृत्तिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभावको अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी छात्रावृत्तिको वितरणमा पारदर्शिता एवं प्रभावकारीता ल्याउनु पर्दछ ।	
२१.३			**दिवा खाजा रकम -** कार्यक्र.सं. कार्यान्वयन पुस्तिका (आ.व.२०७८।७९) को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्र.सं. कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले दिवा खाजाका लागि ४२ विद्यालयलाई रु ११०७२९०० निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा गाउँपालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।	
२१.४			**नमुना विद्यालय निर्माण** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।नमुना विद्यालय भौतिक पूर्वाधार निर्माणका लागि शशर्त अनुदान वापत प्राप्त रकम रु १४००००० को लागत अनुमान तयार भई वोलपत्र मार्फत सबैधन्दा घटि रुकम रु ९८३६२८७।५२ कवोलवाला निर्माण व्यवसायी श्री रिभिट निर्माण सेवा सँग ०७९।०२।१३ मा सम्झौता भई कार्य सम्पन्न गर्ने म्याद २०७९।०३।३१ सम्म रहेकोमा निम्नानुसार व्यहोरा देखियो । (क)बजेट ढिलो प्राप्त भएको कारण र ठेक्का व्यवस्था मार्फत कार्य गराउनु पर्ने हुँदा ठेक्का सम्झौता आर्थिक वर्षको अन्त्यतिर भएको, ठेक्काको म्याद करिब डेढ महिनाको मात्रै रहेकोले उक्त अवधिमा कार्य सम्पन्न हुन नसकेको गाउँपालिकाको भनाई रहेको छ । ठेक्का व्यवस्थापन भईसकेकोले सोको लागि प्राप्त रकम विद्यालयको खातामा राखि खाता रोक्का राखेको छ । ठेक्का म्याद समाप्त भएकोमा सोको म्याद थप भएको छ । विद्यालयबाट उक्त कार्यको विल, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. (ख) विद्यालय व्यवस्थापन समितिको २०७९।०३।०२ को निर्णयानुसार भौतिक संरचनाको ठेक्कामा माटो कटान र पर्खाल निर्माणको कार्य D.P.R. मा समावेश नभएकोले ठेक्काबाट वचत रकम उक्त कामको लागी उपभोक्ता समितिबाट गराउन माग गरेबमोजिम गाउँपालिकाकले रु ४७६७५३५।७५ को लागत अनुमान तयार गरी रु ४५ लाख विद्यालयको खातामा निकासा गरी खाता रोक्का रखेको छ । संघीय सरकारबाट प्राप्त शशर्त अनुदान रकम खर्च नभई वचत रहेको अवस्थामा फिर्ता गर्नुपर्नेमा	१४,३३६,२८७

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			फिर्ता नगरी विद्यालयको माग बमोजिम विद्यालयलाई निकासा दिनु नियमसम्मत नदेखिनुको साथै उक्त कार्यको विल,भरपाइ , नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने	
२१.५			**राष्ट्रपति शैक्षिक सुधार कार्यक्र.सं. तर्फ —**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्र.सं. तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्र.सं., बजेट तथा कार्यक्र.सं., कार्यक्र.सं.को प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्र.सं., योजना तथा कार्यक्र.सं.मा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था । पालिकाले यसवर्ष राष्ट्रपति शैक्षिक सुधार कार्यक्र.सं. अन्तर्गत २ कोठे र ४ कोठे विद्यालय निर्माण अन्तर्गत प्राप्त बजेट अपर्याप्तका कारण पालिकाबाटै स्विकृत लागत अनुमानका आधारमा कार्यपालिकाको निर्णयानुसार बहु बर्षीय ठेक्का व्यवस्थापन गरेको छ ।पालिकाले स्रोतको सुनिश्चित गरेर मात्रै ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।	

कार्यक्र.सं.को नाम	प्राप्त बजेट	स्विकृत लागत अनुमान	कबोल अंक	निर्माण व्यवसायीको नाम
जनता आ.वि.कोइरालाखर्क भवन निर्माण	२००००००	१०६७७१४७.२४	८३६९३२१.४१	सुवर्णावती कन्स्ट्रक्सन प्रा.लि.
चन्द्रप्रभा मा.वि.मिझिंग भवन निर्माण	३६०००००	११५८९१८०	७५३९६९८.६९	शुभम निर्माण सेवा
ने.रा.मा.वि. थेबांग भवन निर्माण	३६०००००	११५८९१८०	७७२७९९८.४९	शुभम निर्माण सेवा
सुर्योदय आ.वि. कालिगाँउ भवन निर्माण	३६०००००	११५८९१८०	७८९४८१०	शुभम निर्माण सेवा
ने.रा.मा.वि. अरेस भवन निर्माण	३६०००००	१८२३२७०७.९८	१२५२०३९७.९३	शुभम निर्माण सेवा

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा | १६४००००० | ६३६७७३९५.२२ | ४४०५२२२६.५२ |	
२१.६			**सेनिटरी प्याड -** गो.भौ.नं. २९६।०७९-३-२१, सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन कोटेशनको माध्यमबाट छनौट गरी एन के अर्डर एण्ड सप्लायर्सवाट प्रति पकेट रु ८६.५ का दरले ८१८० प्याकेटको रु ७९९५५४(मूअकर समेत) भुक्तानी गरिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् - **क)वर्षान्तमा खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधि भित्रमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ २१ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन ।	
२२			**सामाजिक सुरक्षा**	
२२.१			**निष्कृय खाताः** सामाजिक सुरक्षा कार्यक्र.सं. सञ्चालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक साउन र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ ।पालिकाले यस बर्ष १ वटा बैंक मार्फत रु.११३८३५९४५ सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । कार्यालयले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्यौंटभएपश्चात दोस्रो र दोस्रो किस्ता फछ्यौंट गरी तेस्रो किस्ता र तेस्रो किस्ता फछ्यौंट भएपश्चात चौथो निकासा दिई फछ्यौंट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ । सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा नै रहन सक्ने हुदाँ पेश्की जनाई वितरण भए नभएको एकिन गरी बाँकी रकम फिर्ता गर्नुपर्दछ ।	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
२२.२			**पारदर्शिताः** कार्यविधिको दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्बन्धी विवरण वडा समितिको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने, चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्र.सं.मा भएको निकासा तथा खर्चको समीक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । पालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधिको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
२२.३			**तथ्यांक अध्यावधिक** : सामाजिक सुरक्षा कार्यक्र.सं. सञ्चालन कार्यविधि, २०७५ को बुँदा १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा प्रथम चौमासिकको एम.आई.एस. अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्र.सं.मा पेश गरेको छैन ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सूचना अद्यावधिक गर्नुपर्दछ ।	
२२.४			**प्रतिवेदनः** सामाजिक सुरक्षा कार्याविधि, २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिक, वार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मंसिर ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत ७ गतेभित्र र तेस्रो तथा वार्षिक प्रगति विवरण साउन ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको जनाएको भए तापनि प्रगति विवरण लेखापरीक्षणमा पेश नभएकोले सो सम्वन्धमा एकिन हुन सकिएन ।	
२३			**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन	

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सक्ने ब्यवस्था अनुसार पालिकाले हालसम्म ८ वटा ऐन, ४ वटा नियमावली, ५४ वटा कार्यविधि, ७ निर्देशिका सहित ७३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>घर नक्शा अभिलेख</td><td>४४</td></tr>
<tr><td>जन्मदर्ता</td><td>१८९३</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>३१८</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>३२९</td></tr>
<tr><td>विवाह दर्ता</td><td>५२८</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>१९</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>१७७५ मि.</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्र.सं.
स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्र.सं. सञ्चालनमा रहेको छ</td><td></td></tr>
</table>

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
			। प्रधानमन्त्री रोजगार कार्यक्र.सं. संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्र.सं. अनुसार, कामका लागि रोजगार कार्यक्र.सं.मा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्र.सं. कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । अधिकाशं निर्माण कार्यको नापी किताब तयार भएको छैन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्र.सं.को उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्र.सं. अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका २६ वटा कार्यक्र.सं. सञ्चालन गरी यस वर्ष २८४ जनालाई रोजगारी उपलव्ध गराई रु.१२९६८६५२ खर्च गरेको छ । लक्षित वर्गलाई २२ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । क)प्रधानमन्त्री रोजगार कार्यक्र.सं. संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्र.सं.बाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ । ख) निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्र.सं. अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित गाउँपालिका तथा गाउँकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्र.सं. सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्र.सं. गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयब गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।	

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**सुरक्षित नागरिक आवास कार्यक्र.सं. र फुसको छाना विस्थापन कार्यक्र.सं. तर्फ** सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधी २०७६ को दफा ७ को उपदफा (४) मा अनुदान उपलव्ध गराउँदा सम्वन्धित स्थानिय तहसँग सम्झौता भएपछी पहिलो किस्ता वापत ६० प्रतिशत रकम उपलव्ध गराइने र दफा ८ मा उपदफा (७) वमोजिम प्राप्त पहिलो किस्ताको रकमवाट काठ र जस्तापाता लगायतको सामाग्रि खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनि स्थानिय तहको प्राविधिक वाट अनुसुची ३ वमोजिमको प्राविधिक सहितको सिफारिसको आधारमा सम्वन्धित स्थानिय तहवाट लाभग्राहिलाई अन्तिम तथा दोस्रो किस्ता उपलब्ध गराउने व्यस्था रहेकोमा पालिकाले सुरक्षित नागरिक आवास कार्यक्र.सं. अन्तर्गत यसवर्ष ७४ घर परिवार लाई प्रथम तथा एकमुष्ठ किस्ता वापत रु.३७ लाख र ६९ घर परिवारलाई क्र.सं.श दोस्रो किस्ता रु.१७१७९९३ सहित कुल १४३ घर परिवारको लाई कुल रु.५४१७९९३ लाख अनुदान लाभग्राहीको खातामा रकम निकाशा गरेको छ ।कार्याविधिको व्यवस्था अनुरुप पालिकाले खर्च लेख्नुपर्दछ । साथै पालिकाबाट संचालित फुसको छाना विस्थापन कार्यक्र.सं. कार्यान्वयन सम्बन्धी कार्याविधि २०७९, अन्तर्गत यसबर्ष १६५ विपन्न घर परिवारलाई लाभग्राहि आफैले जस्तापाता खरिद गरि बिल पेश गरेको आधारमा अधिकतम रु.६०००० को दरले ८०७४९२० खर्च लेखेको छ । लाभग्राहि स्वयमले खरिद गरेको कारण सोको परिमाण र गुणस्तर सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ । समान प्रकृतिको कार्यमा दोहोरोपना नहुने गरि लाभग्राहि छनौट एवम् योजना कार्यान्वयन गर्नुपर्दछ ।	
२६			**स्थानीय तहका पदाधिकारी सुविधाः-** नेपालको संविधानको धारा २२७ मा नगर सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु.८२९४००० सुविधा भुक्तानी भएको छ ।	
२७			**शिक्षक सहयोग अनुदानः** कार्यक्र.सं. कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप २.७.१३.४० मा माध्यमिक तहको कक्षा ९ र १० का लागि कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका शुल्य दरबन्दी र १ मात्र दरवन्दी वा राहत अनुदान भएका गणित अङ्गेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शिक्षक सिकाइ अनुदान व्यवस्थानमा बजेटको परिधि भित्र रहि सुन्य दरबन्दी भएका विद्यालयलाई न्युनतम २ र १ दरबन्दी भएकालाइ १ थप गरि २ शिक्षक वरावरको अनुदान शिक्षक भर्ना गर्न सक्ने व्यवस्था	८६३,७६०

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रहेको छ । पालिकाले निम्न विद्यालयलाइ माध्यमिक तह कक्षा शिक्षक सहयोग अनुदानमा कार्यान्वयन पुस्तिकामा उल्लेख भएको भन्दा एक जना बढी शिक्षकलाइ तलब भुक्तानी भएको नियमसम्मत नभएको रु
<table>
<tr><th>क स</th><th>विद्यालयको नाम</th><th>जम्मा निकासा</th></tr>
<tr><td>१</td><td>ज्योतिप्रकाश मा वि हरिगाउँ</td><td>४१३८८०</td></tr>
<tr><td>२</td><td>सूर्योदय मा वि सुलिचौर</td><td>४१३८८०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८६३७६०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना :
सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यसबर्ष पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७२३०८९१२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । कार्यालयले बार्षिक खरिद योजना छ तर सोही अनुरुप कार्यान्वयनमा आएको देखिएन । त्यस्तै कार्यालयले खरिद गुरुयोजना बनाएको छैन ।अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई खरिद कार्य व्यवस्थित र प्रभावकारी हुने गरी कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>खेलकुद कार्यक्रमः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ ।पालिकाले गो.भौ.नं. ४४८ २०७९।१।८ बाट रुकुम पश्चिममा आयोजना हुने भलिवल खेलको लागि दुर्योधन महराले लिएको पेश्की फछ्र्यौट गर्दा भलिवल खेलमा उपस्थिति भएको प्रमाण पेश नभएकोमा गाडी भाडा खर्च, जर्सी ̧कोठा भाडाको खर्च राखि फछ्र्यौट गरेको सम्बन्धमा खर्चको वास्तविकता गाउँपालिका एकिन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स् अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>स्थानीय भत्ताः
पालिकामा कार्यरत करारका कर्मचारीलाइ स्थानीय भत्ता दिन मिल्दैन । पालिकाले निम्न कर्मचारीलाइ स्थानीय भत्ता दिएको असुल गर्नुपर्ने रु
<table>
<tr><th>क स</th><th>कर्मचारीको नाम</th><th>महिना</th><th>जम्मा रकम</th></tr>
<tr><td>१</td><td>गुरुराज चन्द</td><td>६</td><td>२३४००</td></tr>
<tr><td>२</td><td>सुदर्शन पुन</td><td>१२</td><td>३८५२०</td></tr>
<tr><td></td><td></td><td></td><td>६१९२०</td></tr>
</table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई भई पेश भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.३३१२०।- सम्परीक्षण गरिएको ।)</td><td>६१,९२०</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>कार्यस्वीकार प्रतिवेदन-
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने गरेको देखिएन। अतः नियमावली अनुसार निर्माण कार्य सम्पन्न भई अन्तिम विलको भुक्तानी गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>वितरणको भरपाई पेश गर्नुपर्ने —
वितरणको भरपाई पेश गर्नुपर्ने —आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । पालिकाले गो.भौ.नं.२९।२०७९-०३-२४ बाट टण्डन प्लाष्टिक प्रा.लि.बाट खरिद गरेको देहायका पाईप वितरण नगरि मौज्दात राखेको छ । मौज्दात पाईप वितरण एवम् जडानको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>पाईपको विवरण</th><th>मिटर</th></tr>
<tr><td>डि.एन.२० पि.एन.१६</td><td>३८ मि.</td></tr>
<tr><td>डि.एन.२५ पि.एन.१६</td><td>५८ मि.</td></tr>
<tr><td>डि.एन.३२ पि.एन.१६</td><td>७५</td></tr>
</table></td><td>९९९,७७७</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>सार्वजनिक परीक्षण -
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्र.सं.को सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । अतः ऐन अनुसार सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता सम्बन्धमा सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

क्र.सं.	भौ.नं.	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**निजी एफ एम लाइ सामग्री खरिदः —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले संचार प्रवर्धन तथा सहयोग कार्यक्र.सं. अन्तर्गत निजी एफ एमलाइ Solidyne D612 Audio mixer, सूचना कम्प्युटर तथा दुरसंचार सामग्री,ल्यापटप खरिदमा रु ६१२५७७ गरि वितरण गरेको छ ।पालिकाले पूर्वाधार विकास, जनताको जीवनस्तर उकास्ने कार्यक्र.सं. तथा स्थानीय स्तरमा रोजगारी सृजना हुने कार्यक्र.सं.मा खर्च गर्नु पर्नेमा नाफाको उद्देश्यले निजी स्तरमा संचालन हुने एफ.एम. रेडियोको सुविधाको लागि खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	
३६			**गुणस्तर सुनिश्चितताः** निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर सुनिश्चतताको लागि प्रयोगशाला परीक्षण (Lab test) गरिएको हुनु पर्दछ । निर्माण व्यवसायी र उपभोक्ता समितिले निर्माण कार्यमा प्रयोग गरेका डण्डी, गिट्टी, सिमेन्ट, बालुवा र सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग गरिने विटुमिनको गुणस्तर परिक्षण गरेको छैन । उल्लिखित निर्माण सामाग्रीको Strength test कार्यालयले गराउन लगाएको पनि देखिएन । निर्माण सम्पन्न पश्चातसमेत गुणस्तर परिक्षण गराएको नदेखिएकोले गुणस्तर सुनिश्चितता हुन सकेन । सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग भएको विटुमिन लगायत सबै सामाग्रीको प्रयोगशाला परिक्षण गराई गुणस्तर सुनिश्चित गरिनु पर्दछ ।	
३७			**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्र.सं.मा प्रत्येक कार्यक्र.सं. खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम	

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.१६४७५४९ कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्र.सं.गत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण
स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउपालिकाले यस बर्षको आन्तरिक लेखापरीक्षण सशर्त कार्यक्र.सं. र वित्तिय हस्तान्तरित कार्यक्र.सं.हरुको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र स्थानिय सन्चित कोष अन्तरगत गाउपालिका चालु र पूँजिगत खर्चको गाउपालिका कै आन्तरिक लेखापरीक्षकबाट गराएको देखियो । आन्तरीक लेखिरीक्षणबाट औल्याएका ब्यहोराहरु उपर कार्यालयले प्रतिकृया दिने र फछ्र्यौट गर्ने गराउने गरेको देखिएन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी बनाइनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सम्परीक्षण
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्र.सं.मा सम्परीक्षण भएको व्यहोरा निम्नानुसार रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>बेरुजु दफा नं.</th><th>बेरुजुको संक्षिप्त व्यहोरा ।फछ्र्यौटको आधार</th><th>सम्परीक्षण रकम</th></tr>
<tr><td>१</td><td>२०७६।७७</td><td>३६</td><td>बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाच गरि नापी किताब भन्दा बढि भुक्तानी भएको रकम असुल भई बैंक दाखिला भएको प्रमाण पेश भएको ।</td><td>३५०६२</td></tr>
<tr><td>२</td><td>२०७४।७५</td><td>११</td><td>सम्लेनी मान्घा क्वालिगाउँ उ.स. ले डोजर भाडामा लिएकोमा ढुवानी वापतको बहाल कर कट्टा नगरेको रकम असुल भई बैंक दाखिला भएको प्रमाण पेश भएको ।</td><td>७१०८००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३.</td><td>२०७४।७५</td><td>२०</td><td>गजुरधारा रातामाटा खोखाङ सुलिवाङ मो.बा. नि.उ.स. ले डोजर भाडामा लिएकोमा ढुवानी वापतको बहाल कर कट्टा नगरेको असुल भई बैंक दाखिला भएको प्रमाण पेश भएको ।</td><td>६७६६३</td></tr>
<tr><td>४.</td><td>२०७४।७५</td><td>२०</td><td>सुनिलमार्ग मोटरबाटो स्तरउन्नती उ.स.ले डोजर भाडामा लिएकोमा ढुवानी वापतको बहाल कर कट्टा नगरेको असुल भई बैंक दाखिला भएको प्रमाण पेश भएको ।</td><td>८५१११</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>८९८६३६</td></tr>
</table>
</td><td></td></tr>
</table>